खोटेहाङ गाउँपालिका

# विनियोजन ऐन, २०७६

गाउँसभा बाट स्वीकृत मिति : २०७६/०३/२३

खोटेहाङ गाउँपालिका
खोटाङ जिल्ला
१ नं प्रदेश

**विनियोजन ऐन**

खोटेहाङ गाउँपालिका, खोटांग को आर्थिक बर्ष २०७६।०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना :** खोटेहाङ गाउँपालिका, खोटांगको आर्थिक बर्ष २०७६।०७७ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम खोटेहाङ गाउँपालिका, खोटांगको गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** :

(१) यस ऐनको नाम "खोटेहाङ गाउँपालिका, खोटांगको विनियोजन ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०७५र७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :**

(१)आर्थिक वर्ष २०७६।०७७ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ३६,५५,४९,३५०। (अक्षेरुपी रुपैयाँ छत्तिस करोड पचपन्न लाख उनन्चास हजार तिन सय पचास) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३ . विनियोजन :**

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६।०७७ को निमित्त खोटेहाङ गाउँपालिका, खोटांगको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अ न्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ । (३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढीशीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

# अनुसूची : १

नेपालको संविधानको धारा २२९ (२) बमोजिम सञ्चित कोषबाट विनियोजन हुने रकम(दफा २ संग सम्वन्धित)

## गाउँपालिका अनुदान (वित्तिय समानिकरण र सशर्त अनुदान) तर्फको वार्षिक बजेट बाँडफाँड कार्यक्रम विवरण

| आय शिर्षक | | आ.व. २०७६।७७ को प्रस्तावित आय | बजेट शिर्षक नं. | व्यय शिर्षक | आ.व. २०७६।७७ को प्रस्तावित व्यय | खर्च स्रोत |
|---|---|---|---|---|---|---|
| २.१.१.२ नेपाल सरकारबाट प्राप्त अनुदान | | | | | | |
| संघीय सरकारको अनुदान | वित्तीय समानीकरण | ९२९००००० | २११११ | तलव | १२३८०००० | राजश्व बाँडफाँड |
| | राजस्व वाँडफाँड | ७६२००००० | २११३१ | स्थानीय भत्ता | २१००००० | राजश्व बाँडफाँड |
| | सशर्त अनुदान | १७९७००००० | २११३२ | महंगी भत्ता | १२००००० | राजश्व बाँडफाँड |
| | विशेष+समपुरक अनुदान | | २११३९ | अन्य भत्ता (कार्यपालिका, गाउँसभा र अन्य) | १५००००० | राजश्व बाँडफाँड |
| | जम्मा अनुदान | ३४८८००००० | २१११२ | पदाधिकारी सुविधा भत्ता | ६९१२००० | राजश्व बाँडफाँड |
| प्रदेश सरकारको अनुदान | वित्तीय समानीकरण | ६९९०००० | २११२१ | पोशाक भत्ता | ५००००० | राजश्व बाँडफाँड |
| | सवारी कर वाँडफाँड | ६८००००० | २११३३ | फिल्ड भत्ता | २४०००० | राजश्व बाँडफाँड |
| | सशर्त अनुदान | | २२१११ | धारा पानी विजुली | २००००० | राजश्व बाँडफाँड |
| | विशेष+समपुरक अनुदान | | २२११२ | सञ्चार महशुल | ७००००० | राजश्व बाँडफाँड |
| | जम्मा अनुदान | १३७९०००० | २८१४२ | घर भाडा | ७००००० | राजश्व बाँडफाँड |
| आन्तरिक आम्दानी | | २९५९३५० | २८१४९ | अन्य भाडा (गोदाम गाडी आदि) | २००००० | राजश्व बाँडफाँड |
| | जम्मा आन्तरिक श्रोत | २९५९३५० | २२२१३ | इन्धन (सवारी साधन) | ७००००० | राजश्व बाँडफाँड |
| | | | २२३१४ | इन्धन अन्य | २५०००० | राजश्व बाँडफाँड |
| | | | २२२९१ | सञ्चालन तथा मर्मत संभार खर्च | ७५०००० | राजश्व बाँडफाँड |
| | | | २२२१४ | बीमा (सवारी साधन) | २००००० | राजश्व बाँडफाँड |
| | | | २२३११ | कार्यालय सम्वन्धी खर्च | १५००००० | राजश्व बाँडफाँड |
| | | | २२४१९ | अन्य सेवा शुल्क | ५२००००० | राजश्व बाँडफाँड |
| | | | २२५११ | अवकास कोष | ५००००० | राजश्व बाँडफाँड |
| | | | २२५१२ | अनुगमन मूल्यांकन | १५००००० | राजश्व बाँडफाँड |
| | | | २२५२२ | भ्रमण खर्च | ५००००० | राजश्व बाँडफाँड |
| | | | २२६११ | विविध खर्च | १५००००० | राजश्व बाँडफाँड |
| | | | | **अनिवार्य चालु** | **३९२३२०००** | |
| | | | २२५२२ | चालु कार्यक्रम | **३६९६८०००** | राजश्व बाँडफाँड |
| | | | | **क. चालु जम्मा खर्च** | **७६२०००००** | |
| | | | | पालिका स्तरीय | ५७६११५३२ | |
| | | | | वडा स्तरीय | ५२०३७८१८ | संघिय वितिय समानिकरण |
| | | | | **ख. पूँजिगत जम्मा खर्च** | **१०९६४९३५०** | |
| | | | | **ग.सशर्त अनुदान** | **१७९७०००००** | |
| | | | | सशर्त अनुदान(कार्यक्रममा तोकिए बमोजिम) | १७९७००००० | संघिय सशर्त अनुदान |
| | **कुल जम्मा** | **३६५५४९३५०** | | **कुल जम्मा (क) (ख) (ग) को** | **३६५५४९३५०** | |